# जून निभेको शहर

नारायण श्रेष्ठ , रेडियो सगरमाथा काठमाण्डौ

यो जून निभेको शहर
उचालिएर भूइबाट तल झरेको पानीको फोका
पट्ट पट्ट फुट्छ आकार बस्तीमा
यहाँ हुनै सक्दैन उखर्मालो घामको बस्ती
कोही उठ्ने छैन पानीजस्तै सोलोमनको मुटु लिएर
कतै छैनौ तिमी शून्य आकारमा पनि

सनिलको घाम जस्तै थाकिसकेँ म
अब सबैले ग्रिटिङ कार्ड जस्तै सम्झना किन्नेछन् यो रातका लागि
त्यो हावाको आकार जति पनि
पहिले जस्तो केही छैन काँचो मासुको गन्धबाहेक
कङ्काल उभिएको यो शहरमा
आगोको लप्कासँग मायाको कुनै फ्लेभर छैन
तिमी छैनौ र मेरो हुनुको पनि अब कुनै अस्तित्व छैन

क्वान्टमको प्रिन्सिपलसँग परिणत गर्छु आफूलाई इलेक्ट्रोनहरुमा
इलेक्ट्रोनहरु बिजुली बोकेर भाग्दैनन् तारमा
निस्फिक्री लम्बिरहने तारमा झुण्डिएको उज्यालो
टुक्र्याएर उज्यालोलाई टुक्रा टुक्रमा
जति प्रयास गरे पनि
जति पश्चाताप गरे पनि
टेलिफोनको तारजस्तो मुटु छैन मसँग
जसलाई रिसिभरमा जोड्न सक्थेँ
र ई:कार्डमा पठाएको जस्तै प्रेम प्रस्ताव हेरेर
बिना प्राप्ति एक दिन काड्न सक्थें

यो जून निभेको शहर
सडक सडकमा रगत छचल्किएर पोखिन्छ
बगरेको जोखाइसँग तौलिएर आफूलाई
ब्रोइलरको मोटाइसँग पनि पुग्न नसक्ने
कस्तो कस्तो क्रोनिक विन्दूमा
सुकेको खरुकीजस्तो अस्थिपञ्जर
कुदिरहेको सडकमा नून छोएको जुका जस्तै
कतै नपोखिएको विकिरण सोहोरेर
सब्बै संसारको एउटा भड्खारो मरै नजिक उभिएको छ
फूलको सौन्दर्य स्क्रिनमा हेरेर
रोमाञ्चित रोमाञ्चित मुद्रामा म
खैरो सुकेको कोठैमा संसार घुमिरहेछु
र संसार घुमाइरहेछु ग्लोब जस्तै !
कुनै मदनहरुलाई नपर्खेको अप्रतिक्षित शहर
कहिल्यै हुन नसक्ने ओर्गाज्यमको स्वैरकल्पनामा

मस्त शहर
आकाशको सात जून चमारसँगको युद्धमा
लखेटिएको थाहा पाउँदैन !

## अमानुष

१. उदास उदास एक विहान
जब मृत्यु धमिराको पखेटामा फैलिन थाल्छ
हर्क्युलसको शक्ति लिएर
उडिरहेको आकाशलाई एकत्रित हुन
रगत मुछिएको उत्सव भित्तामा टाँसिन्छ
र फुत्काउनै नसकिने गरी मुटुका रेशाहरु लेपन हुन्छ
त्यो दिन र रातको साँघुरो गौँडामा
टाँसिन्छु बेस्मारी बैजनी रंगका दिनहरुसँग
ए हवा !
ए बादल !!
ए पानी !!!क
पखाल मेरा रगतका प्लाज्माहरुलाई
डि–अक्सी–एसिडको भऱ्याङ चढेर समाप्त गरिदेउ अमानुषिक क्लोनहरुलाई

२. थकित आकाशमा बूढो बादलको धुनले कति पानी पार्छ र !
हुनसक्छ चराको आवाजमा 'अम्बर' नोटेशन कत्ति रंगिन सक्दैन
हुनसक्छ इतिहासका प्रत्येक संघर्षहरु
परालको त्यान्द्रोसँगको विजय जत्ति पनि होइन
या हुनसक्छ हारै हारमा बानी परेको छ बाँच्नुलाई
चँडालिदेउ त्यो 'सागीनु' आकारको प्रेम
यदि हुन सक्दैन भने–
सम्झौता गर्छु म सब्बै विकारहरुसँग पनि बाँच्नुको नाउँमा
फलामको आकारसँग प्रेम खोपेर छातीमा
पल्टिदिन्छु यी हरिया चौरहरुसँग
दुबोलाई मीत गाँसेर हिँडिरहेछु, यसरी नै एउटा सुख्खा यात्रा
तर यो दर्दको गीत उहिले पनि बजिरहेथ्यो
अहिले पनि सुखको गीत बजिरहेको छैन !

३. लेख पाइला उचालेर लेख
कुच्चिएको खप्परमा प्रदूषण भरिदिउ
दिनभरिको झरिको उकालो भएर चट्याङ कुर्लिंदैछ
ए... नर्कको पाले
बन्द गर ढोकाहरु र जान नदेउ उचालिएका फोकाहरुलाई
दिन घोप्टिएको विहानसँगै फेरि दिनको शुरु हुन्छ
बादलको सोलीबाट अहिलेसम्म पढ्नै नसकिएका बाइबिलका अक्षरहरु खस्छन्
देवनागरीका लिपीहरु फुत्त सर्छन्

एउटा अहंकार खुल्छ खुल्ला बाटोमा
उज्यालोले पोलेर उढेको कालो घाम सायद पहाडको आँखा हुँदै डुब्छ
त्यसपछि हुने छैन कुनै अर्थ त्यहाँ
आहा ! कति सुन्दर थियो त्यो सर्पेन्ट आउनुअघि
माकुरोले घर बन्नुअघि
आडम र आदिम्यानको बगैँचा ।

४. मैले उभेको धरातल
यदि साँचो नभइदिएको भए
त्यही उचाइ टेकेर सलाम गर्थें तिमीलाई
खुल्ला छाती निहुराएर तल तल भूइँसम्म
बरु दुवै हात जोडी दुनियाँलाई बधाई गर्थें
खर्रो नष्टाल्जीमाया उनिएर यो छाती कस्तो हरक्षण नमीठो गन्ध ओकलिरहेछ
सम्झिन पनि नसकिने–
हुनु र भइदिनुको मझधारमा उभिएर
एउटा पेण्डुलम कथा
मलाई डर छ अर्थहीन अन्त्यसँग
तर यो बाटो भएर हावाको गतिसँगै
मृत्यु निकै ओहोर दोहोर गरिसक्थ्यो

५ थाहा छ कोही चिज केही हुन सक्दैन र
अन्त्य ... एउटा सर्वाधिक समाधान हो
तर पानीको थोपा थोपा आगो ओकलिरहेछ
र म हरेक हरेकसँग यसरी डराइरहेछु–
ड्र्यागन आयतनले मेरो अनुहारलाई विस्तारै निल्दैछ
छ्याकटे अनुहार
विफरको खाल्डोमा डुब्दैछ र
भयङ्कर अहंकारको पछाडि वित्ते यत्रामा
मृत्यु र स्वत्वको रहर
बामे सर्दै छ
सायद पीडा छ सधैं सधैंको शून्यसँग
शून्यतासँग

६. कुनै पश्चाताप छैन मलाई
सायद ईश्वर रोइरहेछ यतिखेर आफ्नै कमजोरीप्रति
नबनाउनु थियो मलाई वा मेरो संसारलाई
यो आँसु ओकल्ने आँखा
सधैं नुनिलो परिरहन्छ
र जूनेली रातमा लेखिरहेछु आफ्नै अन्त्येष्टिको कथा
हुन छैन मलाई कुनै घाम उदाउने रातको समानान्तर पात्र